# औरहीनगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी नं. :-

मितिः २०८०/०१/०७

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना ।

चालु आ.व २०७९/८० मा औरही नगरपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत रु ६२५०००( अक्षरेपी रु छ लाख पच्चीस हजार मात्र) रकम बाट सूनौलो हजार दिनका आमाहरुकालागि पोषण सुधार कार्यक्रममा महिला समूह वा सहकारीलाई शुरुवात अनुदान वितरण गरी महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यवसायिक उद्यमशिलता प्रवर्धन गर्नका लागि महिला सहकारी तथा समुहलाई उद्यमशिलता विकासका लागि अनुदान कार्यक्रम संचालन गर्न लागिएको हुदा औरही नगरपालिका भित्रका योग्यता पुगेका इच्छुक महिला सहकारी संस्था वा महिला समूह आमा समुहले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८०/०१/२१ गते ) सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपशिलका कागजातहरु संलग्न राखी औरही नगरपालिकाको कार्यालयमा कार्यक्रम प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्योहोरा समेत जानकारी गराईन्छ ।

निलाम्बर मिश्र
नि.प्रमुख प्रशासकीय अधिकृत

संलग्न राख्नुपर्ने कागजातहरु :

१.निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
२.सहकारी संस्था वा समूहबाट प्रमाणित गरिएको कार्यक्रमको प्रस्तावना
३.अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धि सहकारी संस्था वा समुहको कार्यसमिति वैठक निर्णयको प्रतिलिपि
४.सहकारी वा समुह दर्ता प्रमाण पत्र तथा विधानको प्रतिलिपि
५.स्थायी लेखा नं.र गत आ.व को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६.गत आ.व को लेखा परीक्षण प्रतिवेदन
७.चालु आ.व मा कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र

**नोट : कार्यक्रम प्रस्तावको ढाँचाको लागि न.पा.को महिला तथा बालबालिका शाखामा सम्पर्क गर्नुहोला**

**श्री सुचना प्रविधि शाखा –**

**फेसवुक पेज र वेभसाइटमा अपलोड गर्नुहुन**

Email id: aurahimunmahottri@gmail.com